# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मल्लरानी गाउँपालिका

### प्यूठान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मल्लरानी गाउँपालिका

### प्यूठान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


### प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मल्लरानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
प्यूठान ।

**कैफियत सहितको राय**

हामीले मल्लरानी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४३ लाख ४४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ४३ लाख ४४ हजार फछ्र्यौट भई बाँकी बेरुजू छैन ।पालिकाको गतवर्ष सम्म रु.३ करोड ७६ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ३ करोड ७६ लाख २२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६८ | ४ | ४३४४ | ० | ४ | ४३४४ | ६८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|
| ११ | ममत संभार कोष | ३३३५८९७ |
| ४५.२ | आनुपातिक कट्टी | ९३९३२० |
| ५२ | स्थानीय भत्ता | ४४८८० |
| ५३ | मंहगी भत्ता | २४००० |
| | **जम्मा** | ४३४४०१७ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मल्लरानी गाउँपालिका, प्यूठान | ३७६२२ | ० | ० | ३७६२२ | ० | ० | ३७६२२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मल्लरानी गाउँपालिका, प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश के.सी. | २०७९-४-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कमान सिंह के सी | २०७५-१२-२९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,३६,२६,००५.६७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,७९,४६,००० | **चालु खर्च** | २२,३७,५१,९३४.३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,६५,४३,००० | **पूँजीगत खर्च** | ११,४१,११,५६२.०१ |
| **राजश्व बाँडफाँट** | ६,२५,४१,९७५ | **वित्तीय/अन्य व्यवस्था** | ८,८८,११,३८९ |
| **आन्तरिक आय** | ५०,१०,६३३.९९ | | |
| **अन्य आय** | ७,२६,०७,०८७.२७ | | |
| **कुल आय** | ४५,४६,४८,६९६.२६ | **कुल खर्च** | ४२,६६,७४,८८५.३१ |
| **बाँकी मौज्दात** | | ६,१५,९९,८१६.६२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

**आय व्यय विवरण**

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

<table>
<tr><th rowspan="2">सि.नं</th><th colspan="3">आयतर्फ</th><th rowspan="2">सि.नं</th><th colspan="3">व्ययतर्फ</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>रकम</th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td>२५५०८६६१.३३</td><td></td><td>१</td><td>चालुखर्च</td><td>223751934.3</td><td></td></tr>
<tr><td>२</td><td>राजस्व ( आन्तरिकआय)</td><td>67552609</td><td></td><td>२</td><td>पूँजीगतखर्च</td><td>११४१११५६२.१</td><td></td></tr>
<tr><td>३</td><td>वित्तियहस्तान्तरणसंघ</td><td>277946000</td><td></td><td>३</td><td>धरौटीफिर्ता</td><td>१०८७५४५</td><td></td></tr>
<tr><td>४</td><td>प्रदेश सरकारबाट प्राप्त अनुदान</td><td>36543000</td><td></td><td>४</td><td>बैंकमौज्दात</td><td>५१०९६८०३.६५</td><td></td></tr>
<tr><td>५</td><td>अन्तर स्थानीय तहबाट प्राप्त(सामाजिक सुरक्षा)</td><td>63683191</td><td></td><td>५</td><td>शसर्तअनुदानफिर्ता</td><td>१८९६५९१६.७</td><td></td></tr>
<tr><td>६</td><td>विभिन्नकोषतर्फकोआय</td><td>५७८३१५६.२७</td><td></td><td>६</td><td>सामाजिकसुरक्षा</td><td>६३६८३१९१</td><td></td></tr>
<tr><td>७</td><td>गतवर्षको विभिन्नकोषकोमौज्दात</td><td>२७३३५१७.९७</td><td></td><td>७</td><td>धरौटी मौज्दात</td><td>४०२४०५४</td><td></td></tr>
<tr><td>८</td><td>प्रकोपव्यवस्थापनकोषमौज्दात</td><td>३०५१४६७.३७</td><td></td><td>८</td><td>कोषखाताकोमौज्दात</td><td>४२५११७७.८६</td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>धरौटीआय</td><td>२७७९२४०</td><td></td><td>९</td><td>प्रकोपव्यवस्थापनमौज्दात</td><td>२२२७७८१.३७</td><td></td></tr>
<tr><td>१०</td><td>गतबर्षकोधरौटीमौज्दात</td><td>२३३२३५९</td><td></td><td>१०</td><td>प्रकोपव्यवस्थापनखर्च</td><td>८२३६८६</td><td></td></tr>
<tr><td>११</td><td>अन्यविविधआय</td><td>३६१५००</td><td></td><td>११</td><td>कोषखाताकोखर्च</td><td>४२५१०५०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८८२७४७०१.९</td><td></td><td></td><td>जम्मा</td><td>४८८२७४७०१.९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा २९ सभा सदस्य रहेका छन् ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०६।०२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>असुलीः<br><br>लेखापरीक्षणको क्रममा रु. ५२,४६३।०० असुल भएको छ । साथै प्रदेश संचित कोषमा रु.१४३८९६५।०० र संघिय सञ्चितकोषमा रु.२११९८०।०० फिर्ता भएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४२ जनाको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दरबन्दी रहेकोमा १७ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>भुक्तानीको लागी बिल, भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र म.ले.प. फारम नं. २०२ सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि मात्र भुक्तानी गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ५३ जनालाई रु. ४०५५००।०० आर्थिक सहायता वितरण गरेका छन् । त्यस्तै पालिकाले २ वटा संस्थालाई अनुत्पादक क्षेत्रमा रु ३५००० सहायतता दिएको देखिन्छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.२७७९४६०००।०० प्राप्त भएकोमा आन्तरिक आय ५०१०६३३।०० मात्र रहेको छ । अतः स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ८ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>**कार्य विवरण** — **खर्च रकम**<br>मोटरबाटोको डीपीआर — १११००७५.००<br>माटेचौर डीपीआर — ८४५६०७.००<br>प्रशासनिक भवन डीपीआर — १४९५५५५.००<br>**जम्माः** — ३४५१२३७.००<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र त्यस्तो रकम सम्बन्धित आयोजनामा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०७८।७९ मा सुचना प्रशारणमा ४,२९,१९८.००, मेशिनरि औजार खरिदमा रु=४,०३,०००.००, बैठक खर्चमा २२,२०००.०० र फर्निचर तथा फिक्चरमा ५,२५,००६.०० खर्च लेखेको पाइयो । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखेको पाइएन । | |
| १० | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष कुन्टे खानेपानी आयोजना र महेन्द्र माध्यामिक विद्यालयमा शौचालय निर्माण कार्यको योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |
| ११ | | | **मर्मत सम्भार कोष**<br>**..........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु ३३३५८९७।-सम्परीक्षण गरिएको ।)** | ० |
| १२ | | | **कोभिड**<br>यस कोषमा गत बर्षको मैज्दात रु.३०,५१,४६७.३७ रहेकोमा यस बर्ष उक्त मैज्दातबाट रु.८२३६८६.०० खर्च भई रु.२२२७७८१.३७ मैज्दात रहेको छ । उक्त रकम सम्बन्धीत काममा उपयोग गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् | |
| १४ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३०५७४५३८.३० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा छुट भएको प्रकोप व्यवस्थापन कोष तर्फको रु. ३०५१४६७.३७ समावेस गरी रु.३३६२६००५.६७ जिम्मेवारी सारेको देखियो । साथै यस आर्थिक बर्ष स्थानीय सञ्चित कोषको प्रतिवेदन २७२ अनुसूची २४ अनुसार रु.६१७०९४८७.२६ मौज्दात देखिएकोमा एकिकृत आय व्यव विवरणले रु.६१५९९८१६.६२ मौज्दात देखाएको छ । अतः हिसाब मिलान गर्नुपर्दछ । | |
| १५ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | धरौटी | ३९७७०५४.०० | **४०२४०५४.००** | ४७०००.०० |
| २ | विविध कोष | २६५७७३९.०८ | ४२५११७७.८६ | १५९३४३८.७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>प्रकोप कोष</td><td>२२२७७८१.२७</td><td>२२२७७८१.२७</td><td>०</td></tr>
<tr><td>४</td><td>आकस्मिक कोष</td><td>१८२६०५५.५६</td><td>१८२६०५५.५६</td><td>०</td></tr>
<tr><td>५</td><td>सञ्चित कोष खाता</td><td>५१०२०८५७.२५</td><td>५१३०८४८३.६५</td><td>२८७६२६.४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६१७०९४८७.२६</td><td>६३६३७५५२.४४</td><td>१९२८०६५.१८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा मिति२०७८।०३।१० गते रु.४२ करोड ७४ लाख ७१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२८ मा पारित भएको छ। यसै गरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>गत बर्षको दायित्व<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७८।७९ मा खरिकापाटा खानेपानी आयोजनाको रु. २००००००।०० भुक्तानी दिन बाँकी रहेको बिबरणश गरेको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>चौमासिक खर्च<br>आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१)बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची -२बमोजिमको प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | चालु खर्चतर्फ | २२३९६३९१४.२७ | ४६५०३९०७.५१ | ४८३५९५७५.४४ | १२९१००४३१.३२ | १३२३७९९५६.३ |
| २ | पूँजिगत खर्चतर्फ | ११४१११५६२.०८ | ० | ३०४२०८२३ | ८३६९०७३९.०८ | |
| | जम्मा | ३३८०७५४७६.३५ | ४६५०३९०७.५१ | ७८७८०३९८.४४ | २१२७९११७०.०० | ३९.१६ |
| | प्रतिशत | | १३।७६ | २३.३० | ६२।९४ | १००.०० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु ३३८०७५४७६.३५ निकासा भएकोमा प्रथम चौमासिक मा रु. ४६५०३९०७.५१ अर्थात १३.७६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ७८७८०३९८.४४,अर्थात २३.३० प्रतिशत र तेश्रो चौमासिकमा रु. २१२७९११७०।००, अर्थात ६२.९४ प्रतिशत खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु। १३२३७९९५६.३ अर्थात ३९.१६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

२१

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ५९५४४००० | ३६२५७६४८ | १० |
| २ | पूर्वाधार विकास | ६८२०५००० | ५६५४१०६७.०८ | १६ |
| ३ | सामाजिक विकास | २०७७८१६६० | १८५५६३२०४.२ | ५१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>२२०००००</td><td>१०००००</td><td>०.०२</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>३६१५०००</td><td>२६१८२८९८</td><td>७</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८६१२५४५१</td><td>५६९९५२६९.०७</td><td>१६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२७४७१११</td><td>३६१६४०००८६</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>खर्च बिश्लेषण<br>पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु ५०१०६३३.९९ राजस्व बाँडफाँड र अनुदानबाट रु ४२,२३,८७,४५६.७१ समेत रु ४२७३९८०९०.७० आम्दानी भएकोमा चालुतर्फ रु २२३९६३९१४.२७ र पूँजिगत तर्फ रु ११४१११५६२.०८ समेत रु ३३८०७५४७६.३५ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा १.४८ प्रतिशत रहेको छ। यस बर्ष पदाधिकारी सुबिधामा रु ७०,४७,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको १४०.६४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.१९ प्रतिशत चालु र २५.८१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>संगठन तथा कर्मचारी ब्यवस्थापन</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार विभिन्न १७ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक असिस्टेन्ट सव इन्जिनियर २ जना र पशु प्राविधिक २ जना करार नियुक्ति गरी खर्च लेखेको छ । स्वीकृत दरवन्दी भित्र रहेका उक्त पदहरु स्थायी पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २४.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी कल्याण कोषमा २२,००,०००.०० रकम बाँकी देखिन्छ । | |
| २४.४ | | | पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी ५ रहेकोमा ५ नै वडा सचिवको पदपूर्ति देखिन्छ । | |
| २४.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १५ वटा ऐन, ३ वटा नियमावली र ४१ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । त्यस्तै अन्य सेवा प्रवाह तर्फ यस वर्ष जन्म दर्ता ६६३ वटा, मृत्युदर्ता १९१ वटा, बसाईसराई दर्ता १२० वटा, विवाह दर्ता २९४ वटा, सम्बन्ध विच्छेद दर्ता ५ वटा, ग्राभेल सडक निर्माण ५ वटा र ग्राभेल सडक मर्मत ३ वटा सेवाप्रवाह पालिकाबाट भएको विवरण प्राप्तभएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०76÷७7 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

<table>
<tr><td>रु. १ लाख सम्म</td><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>रु. २ लाखदेखि ५ लाखसम्मका</td><td>रु. ५लाख देखि १० लाखसम्मका</td><td>रु. १० लाखभन्दा बढीको</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>संख्या</td><td>संख्या</td><td>संख्या</td><td>संख्या</td><td>संख्या</td></tr>
<tr><td>११५</td><td>४२</td><td>१०</td><td>७</td><td>१४</td><td>१८८</td></tr>
</table>

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख भन्दा बढीका जम्मा १८८ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ११५ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ।

</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सो को अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हाल सम्म १५ वटा ऐन, ३ वटा नियमावली, ४१ कार्यविधि लगायत ६८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**न्यायीक समिति**

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको ३ विवाद दर्ता भएकोमा ३ वटौ विवद फछ्र्यौट भएको देखिन्छ। | |
| २८ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७०,४७,०००।०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष5 जना | कार्यपालिका सदस्य 6 जना | सभाका सदस्य16 जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २५००० | २९०००० | ३४८००० | ६०८००० | १२९५००० |
| २ | यातायात खर्च | १२००० | १४४००० | ६००००० | ४३२००० | ५७६००० | १७६४००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | १८०००० | २१६००० | ४८०००० | ९५४००० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ४८००० | ४८००० | १८०००० | २१६००० | ३८४००० | ८७६००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ३६०००० | ३६०००० | ५७६००० | १५१२००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | २४०००० | | | ३७२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>६००००</td><td>६००००</td><td></td><td></td><td></td><td>१२००००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>६००००</td><td>६००००</td><td>११२०००</td><td>२६२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>७०४७०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रु. १६,२५,८३०।०० खर्च गरेको छ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>अनुदानको अनुगमन<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेकोमा तर पालिकाबाट बितरण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नु पर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यसपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,४१,११,५६२.०८ पूँजीगत खर्चरखरिद निर्माण कार्य गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खुला बोलपत्रद्धारा ४६६६५५०४४.००, शिलबन्दी दरभाउपत्रबाट रु.९७०६३८७.०० र सोझौ खरिदबाट रु.३३००००००.०० को खरिद कार्य गरेको देखियो। पालिकाले मसलन्द तथा कार्यालय सामाग्रिमा २३०००००.०० बजेट व्यवस्था भएकोमा ५ टुक्रामा २१०२९१०.०० को मसलन्द सामाग्री, फर्निचर तथा फिक्चर्समा १८०००००।०० बजेट व्यवस्था भएकोमा ३ टुक्रामा रु.१२२९६२९.०० र मेसिनरी औजारमा ११०००००.०० बजेट व्यवस्था भएकोमा २ टुक्रामा रु.१०७८००३.०० को सोझौ खरिद गरेको नियमसंगत देखिएन । अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजनारगुरुयोजना बनाई व्यवस्थित, मितव्ययी र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| ३३ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय(व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५७,२५,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु ५०,१०,६३३.९९ अर्थात अनुमानको ८७.५२ प्रतिशत मात्र आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>व्यवसाय कर<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ६,५२,५६३।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कर तथा शुल्क असुली<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>भूमि कर तथा मालपोत</td><td>२५०००००</td><td>१६४५१९९.६६</td><td>६६</td></tr>
<tr><td>घर वहाल कर</td><td>५०००००</td><td>१८६९९९</td><td>३७.४०</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३०००००</td><td>६५२५६३</td><td>२०९</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>कार्य योजना: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीती तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले विपत कार्य योजना तयार गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ । | |
| ३६.२ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३७ | | | **योजना हस्तान्तरण**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ। | |
| ३८ | | | **जटिल संरचना निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |
| ३९ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ४० | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ दफा ४७ बमोजिम कार्यालयमा प्राप्त भएको जुनसुकै मालसामान ७ दिन भित्र आम्दानी बाधँनु पर्ने व्यवस्था छ । स्थानीय सरकार अन्तरगत रहेका विभिन्न इकाईहरु समेतको एकिकृत जिन्सी सम्पत्तिको विवरण तयार गर्नु पर्नेमा छुट्टै जिन्सी अभिलेख राख्ने गरेको पाइयो । साथै पालिकाबाट खरिद गरिएका विभिन्न सामाग्रीहरु इकाईहरुलाई वितरण गर्दा समेत हस्तान्तरण फाराम मार्फत जिन्सी आम्दानी घटाउने गरेको पाइयो । पालिकामा PAMS लागु भए तापनि सबै मालसामानहरु | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १६४-०७९।३।३३ | शहिद मित्रमणी टंक स्मृती भवन निर्माण उ.स. | भवन निर्माण | १४७०००० |
| १८०-०७९।३।२४ | भूमि आ.वि. भवन निर्माण उ.स. | भवन निर्माण | २९३७१२४ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | PAMS मा अद्यावधिक नगर्ने हुदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे एकिन गर्न नसकिने हुदा पालिका तथा वडामार्फत खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ । अतः इकाईगत जिन्सी अभिलेख नराखी सहायक जिन्सी खाता राख्ने र एकिकृत जिन्सी अभिलेख कायम राख्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ४१ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् । | |

| शिर्षक | योजना | काम विवरण | रकम |
|---|---|---|---|
| संघीय सरकार पूँजीगत | खड्केश्वरी प्रा.वि. भवन निर्माण | ग्याविन कार्य | ११७३१९३ |
| संघीय सरकार पूँजीगत | बसपार्क मल्लरानीडाँडा सडक | ग्याविन कार्य | २०००००० |
| संघीय सरकार पूँजीगत | बसपार्क मल्लरानीडाँडा सडक | स्टोन मेशनरी कार्य | ४६०१००९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **पर्यटकीय स्थल**<br>पर्यटन मन्त्रालयको ७० प्रतिशत र पालिकाको ३० प्रतिशत साझेदारीमा लागत अनुमान रु.४२८२४८२०। रहेको मल्लरानी पर्यटकिय स्थल निर्माण कार्य २०८०।११।३० सम्ममा सम्पन्न गर्ने गरी सारभूतरुपमा प्रभावग्राही एकमात्र बोलपत्रदाता श्री बंगलामुखी/मल्लरानी/इसान जे.भी.संग रु.४१०३१९१८। को सम्झौता गरी रु.८२०६५००। पेश्की उपलब्ध गराएकोमा पेश्की जमानतको म्याद २०७९।३।२ सम्म रहेकोमा म्याद थप गर्नु पर्ने देखिएको छ । पालिकाको २०७८।७९ को नीति तथा कार्यक्रम उत्पादनमुलक रोजगारी श्रृजना हुने, आय आर्जन हुने कार्यक्रमलाई प्राथमिकता दिइने उल्लेख भएको देखिन्छ । मल्लरानी पर्यटकिय स्थलबाट नीतिमा उल्लेख भए अनुसारको क्षेत्रमा तत्काल योगदान पुग्ने अवस्था नदेखिएकोले पालिकाले साझेदारी कार्यक्रम संचालन गर्दा नीतिगत व्यवस्थालाई समेत विश्लेषण गर्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **बिमा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढीको सार्वजनिक निर्माण कार्य गर्दा निर्माण कार्य मेशिन औजार र जनशक्तिको बिमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कतिपय ठेक्कामा विमाको प्रावधाननै नराखेको कतिपयमा प्रावधान राखे पनि कार्यान्वयन नगरेको अवस्था छ।<br>अतः नियमानुसार विमा गर्नलगाई जोखिम व्यवस्थापन गर्नुपर्दछ। नमूना छनौटबाट देखिएका व्यहोरा निम्नछनः | |
| ४४ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा खरिद सम्झौताको सर्त वमोजिम पेश्की फस्यौंट हुनुपर्दछ । पालिकाले देहाएका विभिन्न फर्मलाई पेश्की दिएकोमा फस्यौंट हुन बाँकी रहेको छ । उक्त म्याद ननाघेको पेश्की नियमावली र ठेक्का सम्झौता बमोजिम फस्यौंट गर्नुपर्ने देखिन्छ । | |

(क्रम ४३ को तालिका)

| शिर्षक | निर्माण कार्य | लागत अनुमान | व्यहोरा |
|---|---|---|---|
| संघीय सरकार पूँजीगत | खड्केश्वरी प्रा.वि. भवन निर्माण | ४५९७९८१.३२ | बिमाको प्रावधान नराखेको |

(क्रम ४४ को तालिका)

| क्र.सं. | पेश्की लिने फर्मको नाम | पेश्की रकम |
|---|---|---|
| १ | महेश ईन्जिनियरिङ। सत्यवती जे.भी. | ३२००००0.00 |
| २ | पुष्पा विल्डर एण्ड कम्पनी प्रा.ली. | ३२६७२००.०० |
| ३ | बंगलामुखि। मल्लरानी । इसान जे.भी. | २४५६०००.०० |
| ४ | बंगलामुखि। मल्लरानी । इसान जे.भी. | ५७४४०००.०० |
| ५ | ए.बि. स्वर्गद्धारि इन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सन | ७०८०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६</td><td>जगन्नाथ कन्स्ट्रक्सन</td><td>१२०००००.००</td></tr>
<tr><td>७</td><td>जगन्नाथ कन्स्ट्रक्सन</td><td>१५२००००.००</td></tr>
<tr><td>८</td><td>कात्रेखोला स्टिल ट्रस पुल निर्माण उपभवक्ता समिति</td><td>३८७८३७.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८४८३०३७.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सडक निर्माणमा चेनेज</td><td></td></tr>
<tr><td>४५.१</td><td></td><td></td><td>चेनेजः खलंगा बसपार्क देखि मल्लरानी डाँडासम्मको सडक निर्माण कार्यको लागत अनुमान रु.२५५४२३६४। रहेकोमा निर्माण व्यवसायी श्री पुष्पा विल्डर्स एण्ड कम्पनीसंग २०७८।१०।१६ मा रु.२०४२३३३२३। को सम्झौता भएकोमा २०८०।२।३० सम्म म्याद थप भएको छ । म्याद थप भए अनुसार पेश्की जमानत र विमाको म्याद थप गर्नु पर्ने देखिन्छ । उक्त निर्माण कार्यमा रु.२००००००। को ग्याविन बक्सको कार्य भएकोमा चेनेज उल्लेख गरेको छैन ।</td><td></td></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>आनुपातिक कट्टी<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।११ ।२५ को निर्णयबाट रु.९३९३२०।-सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>हेभी मेशिनरी प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा मेशिन प्रयोगको काममा मेशिनको र मानव जनशक्ति काममा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मानिसको दररेट राखेर लागत अनुमान तयार गरी कार्य गराउने गरेको पाइयो । | |
| ४७ | | | **सामाजिक सुरक्षातर्फ** | |
| ४७.१ | | | **प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा स्थानीय तहले वितरण गरेको भत्ताको विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने,भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावलीको त्रैमासिक विवरण स्थानीय तह र वडा कार्यालयमा सार्वजनिक गर्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको तथा सामाजिक सुरक्षा वितरण वैंकिङ प्रणालिबाट वितरण गर्ने गरेको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन । | |
| ४७.२ | | | **पारदर्शिता** -कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्वन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने,चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । पालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लेखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा खर्चलाई पारदर्शी बनाउनु पर्दछ । | |
| ४७.३ | | | सामाजिक **सार्वजनिक सुनुवाइ** - वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्दछ । सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने विषय सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाई भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । अत कार्यविधिको पालना गर्नुपर्दछ ।रक्षा भत्ता भुक्तानीसामाजिक सुरक्षा भत्ता भुक्तानी बैंकिग प्रणालीमार्फत गरे नगरेको तथा बैंकलाई भुक्तानी आदेशमा विस्तृत विवरण खुलाएर दिने गरेको नगरेको | |
| ४८ | | | **शिक्षा तर्फ** | |
| ४८.१ | | | शिक्षक दरवन्दी र पदपूर्ति : स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी र विद्यार्थीको संख्या निम्नबमोजिम रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुको साथै न्यून विद्यार्थि संख्या भएका विद्यालयलाई समायोजन गर्नुपर्दछ । | |

| शिक्षक दरवन्दी पदपूर्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | शिक्षक दरवन्दी | | | | पदपूर्ति | | | | |
| क्र स | | स्थाइ | राहत | करार | गा पा अ | स्थाइ | राहत | करार\ गा पा | निजी | विद्यार्थी संख्या२०७८ |
| १ | २३ | ७३ | ३२ | ३४ | ३४ | ७३ | ३२ | ३४ | ३२ | ४७२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.२ | | | शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS): कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७७।७८) मा **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सो काआधारमा विद्यालयहरूलाई छात्राछात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा१-८) प्रति विद्यार्थी वार्षिक रू.४००।- का दरले, शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रू.१५०।- का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बालविकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रू.५००।- का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, दिवा खाजा बालविकास कक्षा देखि कक्षा ५ सम्म प्रतिविद्यार्थी दैनिक रू.१५।- का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्या भन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम **IEMIS** डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.३ | | | विद्यालयगत निकासा रजिष्टरः विद्यालयलाई निकासा भएको रकमकोअधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा विद्यालयगत निकासा रजिष्टर बनाई राख्नुपर्नेमा कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई दिएको निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ४८.४ | | | छात्रवृत्तिः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षा गत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रवृत्ति रकम अनुदान दिनुपर्दछ। पालिकाले २३ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई वितरण गर्न छात्रवृत्ति रकम रू. १६,३७,०००।- निकासा गरेको छ। पालिकाले छात्रवृत्ति विद्यार्थीले पाए नपाएको अनुगमनगरी प्रतिवेदन तयार गर्नुपर्ने हुन्छ। | |
| ४८.५ | | | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगत देखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदान बाट रु.३९,६२,१३३।०० तलब भत्ता भुक्तानी गरेको पाईयो। | |
| ४९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका ५ वटै वडाका मोटरबाटो निर्माण, स्तरोन्नती, मर्मत सम्भार, पोखरी निर्माण, नाली मर्मत लगायतका ८७ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १३९ जनालाई दैनिक रु.५७७।०० का दरले रोजगारी उपलव्ध गराई रु. ७९०३६२४।०० खर्च गरेको छ । लक्षित वर्गलाई औसतमा ९८.५४ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा उक्त रकम खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ६७ मा निजी तथा गैरसरकारी क्षेत्रसंग सहयोग तथा समन्वय गरी रोजगारी सिर्जनाका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको देखिन्छ । अतः निजी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा गैरसरकारी क्षेत्रसंगको सहकार्यमा कार्य गरी बेरोजगार युवाहरुलाई रोजगारी सृजना गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५० | | | **सेनिटरी प्याड खरिदः**<br>सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को परिच्छेद ३(५)१ मा शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्याङ्कसंग भिडाई विद्यालयले आवश्यक संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने व्यवस्था छ । त्यसै गरी परिच्छेदको ६(२) मा विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यालधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष रु.९९८३५५।०० को सेनिटरी प्याड खरिद गरेकोमा कार्यविधिको पालना भएको देखिएन । | |
| ५१ | | | **औषधि खरिद** | |
| ५१.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले रु.३६,००,०००।– को औषधि खरीद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ५१.२ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ५१.३ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट **Specification** अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएको, | |
| ५१.४ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५१.५ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.६ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| ५१.७ | | | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **स्थानिय भत्ता**<br>✂ **.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१३ को निर्णयबाट रु.४४८८० ।- सम्परीक्षण गरिएको ।)** | ० |
| ५३ | | | **मंहगी भत्ता**<br>✂ **.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२५ को निर्णयबाट रु.२४००० ।- सम्परीक्षण गरिएको ।)** | ० |
| ५४ | | | **आन्तरिक आयतर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २७ बमोजिम आफ्नो जिम्मामा रहेको राजस्व रकम सोही दिन वा भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक आय वापत रु.५०१०६३३।९९ देखाई यस वर्षको हिसाव तयार गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाएबमवजिम छन । | |
| ५४.१ | | | पालिकाले राजस्व लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोबारलाई नियमित र व्यवस्थित गर्न निजी क्षेत्रबाट तयार गरिएको कर संकलन प्रणाली प्रयोग गरी राजस्व आम्दानी गरेको पाइयो । सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमाभन्दा बाहिर रहेको छ । साथै निजी क्षेत्रबाट तयार गरिएको प्रणालीमा डाटा ब्याकअप, सूचनामा गोपनीयता, सूचना सम्पादन तथा प्रशोधन जस्ता विभिन्न जोखिम रहने भएकोले राजस्व आम्दानी अभिलेखांकनको लागि आधिकारिक निकायबाट तयार पारिएको सफ्टवेयर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रणाली उपयोगमा ल्याउने र समयमै असुल गरिएका रकम बैंक दाखिला गर्ने गराउने व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५४.२ | | | लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ५ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनमो दफा ११ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले सो आय संकलन सम्बन्धमा कुनै ठेक्का लगाएको देखिएन । अतः यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| ५४.३ | | | आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । राजस्व संकलन कार्य ५ वटै वडा र पालिका केन्द्रमा गर्ने गरेकोमा ऐनको व्यवस्था बमोजिम रकम दाखिला हुने गरेको पाइएन । साथै तोकिएको शिर्षकमा रकम असुली र दाखिला देखाउनु पर्नेमा फरक शिर्षकहरुमा दाखिला हुँदा शिर्षकगत असुली र दाखिला एकिन भिडान गर्न सकिएन । पालिका अन्तरगतका वडाहरुले मासिक रुपमा दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । अतः वडागत दैनिक तथा मासिक असुली र दाखिलाको विवरण तथा मलेप फारम नं २०५, २०६ बमोजिम दैनिक आम्दानी विवरणको आधारमा श्रेस्ता तयार गरी रकम जम्मा गरेको रसिद नम्बर उल्लेख गरी बैंक दाखिला गर्नु पर्ने देखिन्छ । | |
| ५५ | | | **आलेप बेरुजु**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)क मा रु. २० लाख सम्मको औषधिजन्य सामान उत्पादकले राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशन गरि तोकेको मुल्यमाा सोझे खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस आर्थिक बर्षमा तपशिलका खरिदमा उपरोक्त प्रकृया बमोजिम खरिद गरेको देखिएन । | |

| गो.भौ.नं. | मिति | सप्लायर्स | रकम |
|---|---|---|---|
| २३७ | २०७८।१०।२५ | देव फार्मेसि प्यूठान | ४९९८३८।०० |
| ६९० | २०७९।०३।२२ | शाह मेडिकल | ९९३०००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६९३</td><td>२०७८।२३।१८</td><td>देव फार्मेसी</td><td>४९९०००।००</td></tr>
<tr><td>८९</td><td>२०७८।१२।१८</td><td>नासा मेडिकल सप्लायर्स</td><td>१३९७३१८।००</td></tr>
<tr><td>२३०</td><td>२०७९।०३।२४</td><td>मिसन इन्टर नेशनल प्रा=ली=</td><td>२५९३३५।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा पालिकाले सम्परीक्षणको लागि अनुरोध गरेको छैन् । नियमअनुसार बेरुजु फस्यौंट गराउनु पर्दछ ।</td><td></td></tr>
</table>